चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

मिति :-२०७८/०२/०८

स्थान :- चौरजहारी नगरपालिका कार्यालय

समय :- बिहान १०:०० बजे

आज मिति २०७८/०२/०८ गते यस नगरपालिकाका नगर प्रमुख एवम् विपद् व्यवस्थापन समितिका संयोजक विशाल शर्माज्यूको अध्यक्षतामा बसेको विपद् व्यवस्थापन समितिको बैठकले तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा उल्लेखित निर्णय गरियो ।

उपस्थिति:

१. नगरप्रमुख श्री विशाल शर्मा- संयोजक
२. नगर उपप्रमुख श्री राधा रोका- सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत श्री राम बहादुर के.सी. - सदस्य
४. ईलाका प्रहरी कार्यालय प्रमुख श्री कृष्ण डाङ्गी - सदस्य
५. स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख श्री राम कुमार गौतम - सदस्य
६. चौरजहारी अस्पताल प्रमुख श्री डिल बहादुर गिरी - सदस्य
७. शीतल मा.वि. चौरजहारी प्र.अ. श्री यदु राना - सदस्य
८. वातावरण तथा विपद् व्यवस्थापन इकाई प्रमुख श्री देवबहादुर रोकाय-सदस्य सचिव
९. स्वास्थ्य तथा सामाजिक विकास शाखा सहसंयोजक-श्री डडप्रसाद शर्मा - आमन्त्रित
१०. सुचना प्रविधि तथा अभिलेख व्यवस्थापन केन्द्र ति.प्र. - श्री शानु गौतम - ''

(क) प्रस्तावहरु

१. समीक्षा सम्बन्धमा ।
२. कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा ।
३. मन्सुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापनाको लागि लाभग्राही पहिचान तथा सिफारिस सम्बन्धमा ।
४. शव वाहन खरिद सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

(ख) निर्णयहरु

१. हालसम्म घटेका विपद् सम्बन्धी घटना, सोको व्यवस्थापनमा देखिएका समस्या एवम् समाधानका उपायहरुको बारेमा छलफल तथा समीक्षा गरियो । विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि नगरपालिका एवम् अन्तर्गतका निकायहरु क्रियाशिल रहेको र थप क्रियाशिल बनाउने निर्णय गरियो । कोरोना सङ्क्रमित व्यक्तिहरुको पहिचानको लागि नगरपालिकामा Contact Tracing को लागि CICT टोली क्रियाशिल रहेको, कोभिड-१९ का लक्षण तथा चिन्ह देखापरेका एवम् Close Contact मा रहेका व्यक्तिहरुको निःशुल्क रुपमा Antigen एवम् RT-PCR विधिबाट परीक्षण गरिएको छ । हालसम्म नगरपालिकामा RT-PCR र Antigen विधिबाट कूल ५२४ जनामा परीक्षण गरिएकोमा जम्मा सङ्क्रमित ३०७ जना, सङ्क्रमितमध्ये चौरजहारी नगरपालिका वडा नं. १ स्थित चौरजहारी अस्पतालमा रहेको आइसोलेसन र चौरजहारी नगरपालिका वडा नं. २ स्थित सेवा केन्द्रमा रहेको आइसोलेसनमा गरी जम्मा ४३ जना भर्ना भएकोमा १९ जना डिस्चार्ज भईसकेको, होम आइसोलेसनमा २७९ जना रहेकोमा १२१ जना डिस्चार्ज भएको र २७ जनालाई सुविधा सम्पन्न अस्पतालमा रिफर गरी पठाईएको अवस्था छ । नगरपालिकामा अक्सिजन सिलिन्डर ७२ गोटा, अक्सिजन कन्सन्ट्रेटर ७ गोटा, पल्स अक्सिमिटर ४३ गोटा सहितका आइसोलेसन केन्द्र निर्माण गरी चालू अवस्थामा रहेका छन् । कोभिड -१९ रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक स्वास्थ्य सामग्री, उपकरण, औषधी लगायत तयारी अवस्थामा राखिएको छ र आवश्यकता अनुसार प्रयोग भईरहेका छन् । अक्सिजन प्लान्ट निर्माण, थप अक्सिजन सिलिन्डर, अक्सिजन कन्सनट्रेटर लगायतको स्वास्थ्य सामग्री तथा उपकरण खरिद तथा व्यवस्थापनको लागि सम्बन्धित निकायमा पहल गरिएको छ । नगरपालिकामा रहेका एम्बुलेन्स, नगरबस लगायतका अन्य सवारी साधन तयारी अवस्थामा राखिएको छ । शव वाहन खरिदको प्रक्रिया अन्तिम चरणमा पुगेको छ । आपतकालिन कार्यसञ्चालन केन्द्र, QRT लगायतका संयन्त्र २४ सै घण्टा Alert रहेका छन् । हालसम्म कोभिड-१९ एवम् अन्य विपद्को कारण मानवीय क्षति भएको छैन ।

२. कोरोना रोकथाम, नियन्त्रण र उपचारको लागि नगरपालिकामा थालिएका कदमहरु, निर्माण गरिएका संयन्त्रहरुलाई समयानुकूल थप परिमार्जन, परिस्कृत र प्रभावकारी बनाउने निर्णय गरियो । साथै कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र अन्य कर्मचारीहरुलाई उच्च मनोबलका साथ काम गर्न अनुरोध गर्ने, प्रोत्साहित गर्ने, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचारमा खटिने स्वास्थ्यकर्मी, कर्मचारीहरुलाई यसअघिकै निर्णय बमोजिम १०० प्रतिशतसम्म जोखिम भत्ता र निर्णयानुसारको खाजा तथा खाना खर्च समेत उपलब्ध गराउने निर्णय गरियो ।

३. मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनःनिर्माण तथा पुनःस्थापनाको लागि पहिचान भई आएका तपसिलका लाभग्राहीलाई आवास पुनःनिर्माण तथा पुनःस्थापनाको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

## तपसिल

### आवास पुनःनिर्माण तथा पुनःस्थापनाका लागि सिफारिस भएका घर परिवारको विवरण

| सि.नं. | घरधनीको नामथर | ठेगाना | विपद् घटेको मिति | प्रकोपको किसिम | क्षतिको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नरे दमाई | चौरजहारी १० | २०७७।०३।२१ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| २ | प्रेम गौतम | चौरजहारी १२ | २०७७/०४/१५ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| ३ | भिमे वादी | चौरजहारी १ | २०७७।०५।०५ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| ४ | प्रेमबहादुर रावत | चौरजहारी १० | २०७७।०५।०४ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| ५ | हरिप्रसाद रोका | चौरजहारी १२ | २०७७।०५।०३ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| ६ | तुल्सीराम वि.क. | चौरजहारी १२ | २०७७।०३।३१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| ७ | रुपलाल वि.के. | चौरजहारी १२ | २०७७।०५।०३ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| ८ | भद्रकला ओली | चौरजहारी ११ | २०७७।०४।३१ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| ९ | बले बोहरा | चौरजहारी ६ | २०७७।०५।१२ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| १० | दिनेश रोका | चौरजहारी ६ | २०७७।०५।१२ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| ११ | दलविर राना | चौरजहारी २ | २०७७।०४।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| १२ | मैमी कामी | चौरजहारी १४ | २०७७।०३।२२ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| १३ | देउरामे कामी | चौरजहारी १४ | २०७६।०७।१२ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| १४ | नरबहादुर कामी | चौरजहारी १४ | २०७७।०३।१४ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| १५ | बलजित नेपाली कामी | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| १६ | झक्कुसिंह खत्री | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| १७ | लक्ष्मी कामी | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | घर पूर्ण रुपमा क्षति भएको | |
| १८ | ओइली सार्की | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |

| सि.नं. | घरधनीको नामथर | ठेगाना | विपद् घटेको मिति | प्रकोपको किसिम | क्षतिको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १९ | नरबहादुर सार्की | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| २० | मानबहादुर चन्द | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| २१ | शेरजङ चन्द | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| २२ | डिल्लीरमण चन्द | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| २३ | तिलविर नेपाली | चौरजहारी ११ | २०७७।०३।२१ | बाढी पहिरो | **घर उच्च जोखिममा रहेको** | |
| २४ | *देवेन्द्र नेपाली* | *चौरजहारी १* | *२०७७।०५।०५* | *बाढी पहिरो* | *आशिंक घर क्षति* | |
| २५ | राम बहादुर सार्की | चौरजहारी -७ | २०७७/०४ | बाढी पहिरो | आशिंक रुपमा घर क्षति | छुट |
| २६ | धनसरा ओली | चौरजहारी - १३ | ३/२४/२०७७ | बाढी पहिरो | पूर्ण रुपमा घर क्षति | छुट |
| २७ | देवे कामी | चौरजहारी - १४ | ३/२२/२०७७ | बाढी पहिरो | आशिंक रुपमा घर क्षति | छुट |
| २८ | रति बि.क | चौरजहारी - १४ | ३/२२/२०७७ | बाढी पहिरो | आशिंक रुपमा घर क्षति | छुट |
| २९ | तिलक कामी | चौरजहारी - १४ | ३/५/२०७७ | बाढी पहिरो | आशिंक रुपमा घर क्षति | छुट |
| ३० | मोते कामी | चौरजहारी - १४ | ३/२२/२०७७ | बाढी पहिरो | आशिंक रुपमा घर क्षति | छुट |
| ३१ | साउनी खड्का | चौरजहारी - १४ | ३/२२/२०७७ | बाढी पहिरो | आशिंक रुपमा घर क्षति | छुट |
| ३२ | बुद्धि कामी | चौरजहारी - १४ | ३/२२/२०७७ | बाढी पहिरो | पूर्ण रुपमा घर क्षति | छुट |
| ३३ | दलविर खत्री | चौरजहारी - १४ | ३/२२/२०७७ | बाढी पहिरो | आशिंक रुपमा घर क्षति | छुट |
| ३४ | शेर बहादुर राना | चौरजहारी - १४ | ४/१४/२०७७ | बाढी पहिरो | पूर्ण रुपमा घर क्षति | छुट |

४. शव वाहन खरिदको लागि नगरपालिकाद्धारा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम अगाडि बढाएको प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो । साथै शव वाहन खरिद वापतको रकम कर्णाली प्रदेश सरकारबाट आइसोलेसन स्थापना, सञ्चालन र व्यवस्थापन लगायत कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार तर्फ नगरपालिकालाई प्राप्त बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

५. बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।